
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज २३ गते बुधबार ❑ 9 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## चाडपर्वका अवसरमा पोखराका होटेलमा ३० प्रतिशतसम्म छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

नेपालीहरुको महान पर्व बिजया दशमी तथा शुभदिपावलीको अवसरमा पोखरामा आउने पर्यटकहरुलाई होटल आवासमा ३० प्रतिशत छुट दिने भएको छ।

होटल संघ पोखरा नेपालले आफ्ना सदस्य अन्तर्गतका होटल प्रतिष्ठानहरुमा बडा दशै देखि तिहारसम्म प्रकाशित दररेट (आवासमा) पाहुनालाई ३० प्रतिशत सम्म छुट भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । यस प्रकारको छुटबाट लाभान्वित हुन आन्तरिक पर्यटकलाई अनुरोध गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो । पृथ्वी राजमार्गको पोखरा-मुग्लिन खण्डको स्तरोन्नती कार्य पनि धेरै हदसम्म अगाडि बढेको, राजमार्ग खुल्ला अवस्थामा नै रहेको तथा पोखरा जोड्ने अन्य राजमार्गहरुको अवस्था सामान्य रहेकोले दशैं तथा तिहार पर्वको अवसरमा अधिकांश पर्यटकहरुलाई आकर्षण गर्न उक्त छुटको व्यबस्था गरिएको उहाँले जनाउनु भयो । देशमा भएको आर्थिक मन्दि सहित पछिल्लो क्रममा भएको बाढी पहिरोले पोखरा क्षेत्रमा खस्केको पर्यटन क्षेत्रलाई आकर्षण गर्न संघमा आबद्ध पर्यटक स्तरिय ५ स्टार होटलसम्म उक्त छुट लागु हुने भएको संघले जनाएको छ । उक्त होटल आवासमा छुट हुने बिषयलाई कार्यान्वयन गर्न अनुगमन समिति समेत गठन भएको महासचिव राजेन्द्र ढकालले जनाउनु भयो । संघमा आबद्ध होटलहरुले ग्राहकलाई स्वतस्फुर्त रुपमा छुटको प्रबन्ध गर्ने भएको संघले जनाएको छ । भ्रमण र पदयात्राका लागि पोखरा र सिंगो गण्डकी प्रदेश सबै मौसमका लागि उपयुक्त छ भन्ने मान्यता अमरण विगत केही बर्षदेखि संघले विविध कार्यक्रमहरुलाई निरन्तरता दिदै आएको द्धितिय उपाध्यक्ष गणेशराज पहारीले जनाउनु भयो । होटल संघ गण्डकी प्रदेशका अध्यक्ष हरि शर्मा गैरेले पोखरा आउने हवाई उडानको शुल्क महङ्गो भएकोले मुल्य समायोजना गर्न एयरलायन्स कम्पनी तथा सरकारले ध्यान दिन माग गर्नु भयो । विगत समयमा पर्यटन क्षेत्रले लामो द्वन्द्व, भूकम्प, नाकाबन्दी, कोभिड १९ को महामारी, हवाई दुर्घटनाको मार र वित्तीय अराजकता जस्ता समस्याबाट गुज्रनु परेको व्यवसायीहरुले गुनासौ गर्दै आउनु भएको छ । केही दिन अघिको बाढी, पहिरो र विपत्तीले घुम्ने क्रम र वातावरणमा केही नकारात्मक भए पनि अहिले अवस्था सामान्य भएको पोखरा पर्यटन परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । हाल पोखरामा होटल अकुपेन्सि करिब ४० प्रतिशत मात्र रहेको अध्यक्ष सुवेदीले जनाउनु भयो । सेप्टेम्बर, अक्टुबर र नोमेम्बर पर्यटनको पिक सिजन मानिने भए पनि हाल पर्यटकको आगमन निकै कम भएको व्यवसायीहरुले बताउनु हुन्छ ।

## तालबाराही मन्दिर पुन:निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



पर्यटकीय राजधानी पोखरा-६ बैदामस्थित फेवातालको बीच भागमा अवस्थित तालबाराही मन्दिर पुनःनिर्माणलाई तीव्रता दिइएको छ।

विसं २०७२ को भूकम्पले मन्दिर दक्षिणतर्फ ढल्केपछि दर्शनार्थी नै असुरक्षित हुने खतरा बढेकाले तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिले एक वर्षयता पुनःनिर्माणलाई अगाडि बढाएको थियो । यही असोज महिनामा घटस्थापनाको दिन पारेर पूर्वपट्टिको ढोका राखिएको छ । पुरानै स्वरुप प्यागोडा शैलीमा पुनःनिर्माण गर्न लागिएको उक्त मन्दिरका झ्याल, ढोकामा बुट्टा भर्न भक्तपुरबाट ६ कालीगढ मगाएर काम भइरहेको छ । दसैंमा पुनःनिर्माण सक्नेगरी काम अगाडि बढाइएको भए पनि मन्दिर पुनःनिर्माणको विषयलाई लिएर पुरातत्व विभाग र समितिको कुरा बाझिएपछि काम ढिला भएको थियो । पछिल्लो समय पुरातत्व विभागको निर्णयअनुसार नै पुनःनिर्माणलाई अगाडि बढाइएको तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिका कोषाध्यक्ष निर्मल खत्रीले जानकारी दिनुभयो । तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिले रु दुई करोड र पुरातत्व विभागले रु २५ लाखगरी कूल रु दुई करोड २५ लाखको लागतमा मन्दिरको पुनःनिर्माण सक्नेगरी योजना अगाडि बढाइएको खत्रीले जानकारी दिनुभयो । समितिले रु १० करोडको लागतमा गुरुयोजना नै तयार गरी मन्दिर पुनःनिर्माणलाई अगाडि बढाएको भए पनि पुरानो स्वरुपमा मन्दिर नबन्ने भन्दै पुरातत्व विभागले कामलाई रोकिदिएको थियो । अबको छ महिनाभित्र मन्दिर पुनःनिर्माणको काम सम्पन्न गर्नेगरी अगाडि बढाइएको जानकारी कोषध्यक्ष खत्रीले दिनुभयो । तालको बीचमा मन्दिर भएकाले वर्षात्को समयमा काम गर्न कठिन भएकाले काम ढिला भएको उहाँले बताउनुभयो ।

फेवातालको बीच भागमा तीन रोपनी क्षेत्रफलमा फैलिएको उक्त मन्दिरमा स्वदेशी तथा विदेशी दर्शनार्थीको बाह्रै महिना घुइँचो लाग्ने गर्छ । स्वदेशी तथा विदेशी दर्शनार्थीले दानस्वरुप प्रदान गरेको रु चार करोड ७० लाख समितिको अहिले बैंक खातामा छ । मन्दिरमा विशेषगरी दसैंको कोजाग्रत पूर्णिमाका दिन मन्दिरमा दर्शनार्थीको घुइँचो नै लाग्ने गर्छ । कास्कीका तत्कालीन राजा कूलमण्डन शाहले खरको झुप्रो बनाई मन्दिर स्थापना गर्नुभएको इतिहास रहेको तालबाराही मन्दिर गुठी व्यवस्थपन समितिका सचिव ध्रुव बरालले बताउनुभयो । "मन्दिर १४४७ सालमा अस्तित्वमा रहेको अभिलेख छ", सचिव बरालले भन्नुभयो, "प्राचीनकालमा माटोको ढिस्कोमा एउटा शिला रहेको र त्यही मन्दिर स्थापनागरी पूजा गरिँदै आएको अभिलेखमा छ।"

मन्दिर पुनःनिर्माणका क्रममा सकेसम्म त्यहीका ढुङ्गा र काठ प्रयोग गर्ने भनिएको भए पनि ढुङ्गा काम नलाग्ने अवस्थामा रहेको र काठ भने केहीमात्रामा प्रयोगमा आएका सचिव बरालले बताउनुभयो । मन्दिर पुनःनिर्माणका लागि मन्दिरमा आउने दर्शनार्थीले दान सहयोग गरिरहेको उहाँले सुनाउनुभयो । तालबाराही मन्दिरबाट अन्नपूर्ण हिमशृङ्खलाका साथै धौलागिरि हिमालको दृष्यावलोकन गर्न सकिन्छ भने त्यहाँबाट पर्यटकीय सराङकोट, पुम्दीभुम्दी, कास्कीकोट दरबारसमेत दृष्यावलोकन गर्न सकिन्छ । स्थानीयवासी वासु त्रिपाठीले मन्दिरको पुनःनिर्माणलाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो । पोखराको गहना फेवाताल र तालबाराही मन्दिरको अवलोकन र दर्शन गर्न देशविदेशबाट धार्मिक पर्यटक आउने भएकाले पुरानै स्वरुपमा मन्दिर चाँडो सम्पन्न गर्नुपर्ने त्रिपाठीले सुझाव दिनुभयो । तालबाराही मन्दिरमा दर्शन गर्न बाराही घाटबाट डुङ्गा चढेर जानुपर्ने हुन्छ ।

## थप ५७ हिमाल आरोहणका लागि खुला

**रासस**
काठमाडौं, २२ असोज

सरकारले थप ५७ हिमाल आरोहणका लागि खुला गरेको छ । मन्त्रिपरिषद्को यही असोज २१ गतेको बैठकले आरोहणका लागि थप ७५ हिमाल खुला गर्न स्वीकृति दिएको हो ।

पर्यटन विभागले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ५७ नयाँ हिमाल आरोहण खोल्ने गरी सिफारिस गरेको थियो । सोहीअनुरुप पर्यटन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले हिमाल आरोहणका लागि स्वीकृति दिएको हो । यसरी आरोहण खुला गरिएका हिमालमा पाँच हजार मिटरभन्दा माथि छ हजार पाँच सय मिटरसम्म कम उचाइका छन् । विभागले नेपाल पर्वतारोहण सङ्घ (एनएमए)सँगको सहकार्यमा थप हिमाल खुलाइएको हो । पर्यटन विभाग निर्देशक राकेश गुरुङले थप ५७ हिमाल आरोहणका लागि खुला गरिएसँगै नेपालमा कूल चार सय ६१ हिमाल आरोहणका लागि खुला भएको बताउनुभयो । थप हिमाल खुलेसँगै पर्वतीय पर्यटनमा सकारात्मक सन्देश गएको उहाँको भनाइ छ । एनएमएका अध्यक्ष निमानुरु शेर्पाले हिमाल खुलाउने निर्णयले पर्यटन क्षेत्रमा सकारात्मक सन्देश दिएको बताउनुभयो । "हिमाल खोल्नु भनेको नयाँ गन्तव्य विकास हुनु हो," उहाँले भन्नुभयो, "नेपालमा दुई हजार भन्दाबढी आरोहण योग्य हिमाल छन् तिनलाई क्रमशः आरोहणका लागि खुलाउदै जानुपर्छ ।"

अध्यक्ष शेर्पाले सकेसम्म आरोहण योग्य हिमाल खुलाएर बढीभन्दा बढी पर्यटक आकर्षण गरिनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले आरोहणका लागि खुला गरिएका हिमालसम्म सम्पर्क सञ्जालका लागि पूर्वाधार विस्तालगायतका काम पनि सँगै अघि बढाइनुपर्ने सुझाव दिनुभयो । आरोहण योग्य हिमाल क्रमशःखुला गर्दै जाने सरकारको नीति बमोजिम नयाँ हिमाल आरोहण खुला गर्न लागिएको हो । सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा आरोहणयोग्य हिमाल क्रमशः खुला गरिने उल्लेख छ ।

## विश्व च्याम्पियनसिपमा नेपालका दुई खेलाडी सहभागी हुँदै

**रासस**
काठमाडौं, २२ असोज

मिक्स मार्सल आर्ट्सको विश्व च्याम्पियन्सिपमा नेपालबाट दुई पुरुष खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगिता यही अक्टोबर ११ देखि १३ तारिखसम्म जर्मनीको फ्रैंफर्टमा हुँदैछ । इजिकेल परियार र निराजन मुक्तानले नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

इजिकेलले किक बक्सिङको ७०-७५ केजी तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । निराजनले किक बक्सिङको ६० केजीमुनि तथा उमा कुङफुको ट्रेडिसनल फम्समा सहभागिता जनाउने छन् । इन्टरनेसनल कम्ब्याट अर्गनाइजेसन (आइसिओ), जर्मनीको आयोजनामा हुने प्रतियोगितामा सहभागी हुन उनीहरू भोलि जर्मनी प्रस्थान गर्नेछन् ।

टोलीलाई आदिवासी खेलकुद सङ्घ नेपालका अध्यक्षसमेत रहेका नेपाल उमा कुङ्फु सङ्घका महासचिव भूपेन्द्र गुरुङले शनिबारयहाँ आयोजित एक कार्यक्रममा बिदाइ गर्नुभयो । तीन अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसक्नुभएका गुरुङले तीनवटै अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पनि जितेका छन् । दुवै खेलाडीबाट पदकको आशा गरिएको गुरुङले बताउनुभयो ।

## जिरोदेखि पर्स्याङसम्मका खाद्यान्न र मासु पसलमा अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



पोखरा महानगरपालिका वडा नम्बर ५ को जिरोकिमीदेखि पर्स्याङसम्म राजमार्ग क्षेत्रका खाद्यान्न र मासु पसलमा अनुगमन गरिएको छ।

वडा नम्बर ५ का अध्यक्ष विष्णुप्रसाद बरालको नेतृत्वमा १२ जनाको टोलीले अनुगमन गरेको हो । २८ वटा पसलमा अनुगमन गरिएको र विशेष गरी खाद्यान्न पसलहरुमा बेकरी आइटम, जुस, ससेज लगायतका सामग्री म्याद गुज्रेको पाइएकाले तत्कालै नष्ट गरिएको वडा सचिव लक्ष्मण शर्माले जानकारी दिए। शर्माका अनुसार अधिकांश पसल दर्ता भएको पाइएको र केहीले नवीकरण गर्न बाँकी रहेकाले नवीकरण गर्न भनिएको छ । साना खाद्यान्न पसलमा मूल्य सूची नराखेको पाइएकाले राख्न भनिएको उनले बताए । मासु पसल भने मापदण्ड अनुसार नै सञ्चालन भएको पाइएको र सरसफाइमा अझ ध्यान दिन सुझाव दिइएको उनको भनाइ छ।

चाडपर्वमा हुने कालो बजारी रोक्न र उपभोक्तालाई सचेत गराउन पसल अनुगमन गरिएको वडाध्यक्ष विष्णुप्रसाद बरालले बताए। उनले चाडपर्वको अवसरमा म्याद गुज्रेका सामान बिक्री वितरण हुन सक्ने भएकाले त्यसलाई ध्यानमा राखेर अनुगमन गरेको बताए । उनले बजार अनुगमन कार्यलाई नियमति रुपमै गर्ने नीति वडाले लिएको उनको भनाइ छ । वडाध्यक्ष बरालको नेतृत्वमा भएको अनुगमनमा वडा सदस्यहरु, वडा सचिव शर्मा, उपभोक्ता हित संरक्षण मञ्चका महेश बराल, पोखरा महानगरपालिका पशु सेवा केन्द्रका पवन पाण्डे, प्रहरी लगायतको सहभागिता रहेको थियो।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

खेलकुदका माध्यमबाट नेपाल र छिमेकी मुलुक चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले पर्यटकीय राजधानी पोखरामा तेस्रो संस्करणको अन्तर ाष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगिता हुने भएको छ।

'साझा समृद्धिका लागि दौड'को नारासहित हुने प्रतियोगितामा नेपाल र छिमेकी मुलक चीनका खेलाडीले प्रतिस्पर्धा जनाउने पोखरामा मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका दौडको आयोजक रहेका छन् । हिमालयन टुरिज्जम फोरमले कार्यान्वयन गर्ने प्रतियोगिता आगामी कात्तिक २२ देखि २५ गतेसम्म सञ्चालन हुनेछ भने उद्घाटन कात्तिक २४ गते बिहान हुनेछ । नेपालस्थित चिनियाँ दूतावास, चीनको युनान प्रान्तीय खेलकुद ब्युरो, युनान प्रान्तीय सरकारको विदेश मामिला कार्यालय, सिल्क रोड सिटिज एलायन्सजस्ता संस्थाहरुले प्रतियोगितालाई सघाउने बताइन्छ।

प्रतियोगिताका लागि चिनियाँ खेलाडी कात्तिक २२ गते कुनमिङबाट पोखरासम्म अन्तर ाष्ट्रिय चार्टर उडानबाट आउने प्रतियोगिताका संयोजक एवं हिमालय टुरिज फोरमका अध्यक्ष विश्वशङ्कर पालिखेले जानकारी दिनुभयो । उहाँका अनुसार दौड, साइक्लिङ र बोटिङगरी ५० किलोमिटरको दूरी पार गर्नुपर्नेछ।




प्रतियोगिहरूले टिम समूह, च्यालेञ्ज इन्डिभिजुअल समूह, विद्यार्थी दौड र ह्याप्पी रन समूह (जुनसुकै समूह) मा सहभागिता जनाउन सक्नेछन् । टिम समूहमा ३० वटा मिश्रितटिमरहनेछन्।यसमाकम्तीमा एकविपरीत लिङ्गको सदस्य समेटिएको हुनुपर्ने आयोजकले जनाएको छ । टिम समूहमा ९० जना खेलाडीमध्ये १० चिनियाँ र २० नेपाली टोली हुनेछ। खेलाडीले ५० किलोमिटरको दूरीमा ट्रेल रनिङ, साइक्लिङ र रोइङ गर्नुपर्ने हुन्छ । दौडका क्रममा खेलाडीले दुई हजार दुई सय ५८ मिटर उचाइ पार गर्नेछन् । टिम समूहमा प्रथमलाई रु चार लाख ५८ हजार पाँच सय, द्वितीयलाई रु तीन लाख ४३ हजार आठ सय, तृतीयलाई रु दुई लाख २९ हजार दुई, चौथोलाई रु एक लाख ५२ हजार आठ सय र पाँचौं हुनेलाई रु ९५ हजार पाँच पुरस्कार प्रदान गरिने संयोजक पालिखेले जानकारी दिनुभयो । यसैगरी च्यालेञ्ज इन्डिभिजुअल समूहमा ८० जना चिनियाँ र एक सय २० नेपाली गरी दुई सय खेलाडी सहभागी हुनेछन् । यसमा ५० किलोमिटरको ट्रेलमा दुई हजार तीन सय ६६ मिटरको कूल उचाइ पार गर्नेछन् । च्यालेञ्ज समूहको शीर्ष १० पुरुष र महिला खेलाडीले नगद पुरस्कार, मेडल र प्रमाणपत्र पुरस्कार पाउने आयोजकले जनाएको छ । यस विधामा प्रथम हुने पुरुष र महिलाले जनही रु एक लाख ५२ हजार आठ सय, द्वितीयले रु एक लाख १४ हजार छ सय र तृतीयलाई रु ७६ हजार चार सय नगद पुरस्कार पाउने छन् । विद्यार्थी दौडको पाँच किमी विजेताले महिला र पुरुषले जनही रु ३० हजार, द्वितीयले रु २५ हजार, तृतीयले रु २० हजार पुरस्कार पाउने छन् । विद्यार्थी दौडमा पाँच सय जनाले सहभागिता जनाउने आयोजकले जनाएको छ। प्रतियोगिताले पोखरा र यस क्षेत्रको पर्यटन प्रवर्द्धन साथै पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको सञ्चालनमा सहयोग पुग्ने प्रतियोगिता संयोजक पालिखेले बताउनुभयो।

# बक्सिङ प्रशिक्षार्थीलाई खेल पोशाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

पोखरा महानगर बक्सिङ संघले बक्सिङ प्रशिक्षार्थीहरुलाई खेल पोशाक वितरण गरेको छ।

संघले पोखरामा सोमबार नेपालीहरुको महान् चाड बडादशैं, तिहार, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदनप्रदान कार्यक्रमका विच उनीहरुलाई खेल पोशाक वितरण गरेको हो।

संघले सञ्चालन गरेको आधार भुत बक्सिङ प्रशिक्षणमा सहभागि पोखराका विभिन्न विद्यालयका ६३ जना प्रशिक्षार्थीहरुलाई पोखराको नयाँ बजारस्थित भि.ए. डब्लयू. का प्रवन्ध निर्देशक सरोज श्रेष्ठले प्रायोजन गरेको झण्डै ४५ हजार रुपैयाँ बराबरको पोशाक ५२ जना प्रशिक्षार्थी खेलाडीहरुलाई वितरण गरिएको संघका सचिव बुद्ध गुभाजुले जानकारी दिए । त्यसमा अपुग रकम आफुलेपनि थपथाप गरेको उनले बताए । उनीहरुलाई पोखरा महानगरपालिका वडा नम्वर ३ का वडाध्यक्ष प्रकाशमान उदाश, नेपाल बक्सिङ संघ गण्डकी प्रदेशका अध्यक्ष विद्याप्रसाद मर्सानी, भि.ए.डब्लयू. इन्टरप्राइजेजका प्रवन्ध निर्देशक सरोज श्रेष्ठ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका कार्यवहाक अध्यक्ष सुरज श्रेष्ठ लगायतले पोशाक वितरण गरेका थिए। कार्यक्रममा पोखरा- ३ का वडाध्यक्ष प्रकाशमान उदासले संघले बक्सिङ प्रशिक्षण वडा नम्वर ३ बाट शुरुवात गरेको प्रति आभार व्यक्त गरे । उनले यस प्रशिक्षणले राष्ट्रियदेखि अन्तराष्ट्रिय प्रतियोगितासम्म सहभागिता जनाउन पाउने मौका मिल्ने हुँदा मिनेहेतलाई खेर जान नदिने गरि सिकाईलाई निरन्तरता दिन आग्रह गरे । उनले भने, 'संघले हाम्रै वडाबाट बक्सिङ प्रशिक्षण शुरुवात गरेको छ । यसले खेलाडीलाई राष्ट्रियदेखि अन्तराष्ट्रिय प्रतियोगितामा सहभागि भई आफ्नो खेल कैशल प्रर्दशन गर्न पाउने मौका मिल्ने हुँदा मिहिनेतलाई खेर जान नदिने गरि खेल्न आग्रह छ।' उनले सिमित श्रोत साधनका विचपनि यसको विकासका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे।



कार्यक्रममा नेपाल बक्सिङ संघ गण्डकी प्रदेशका अध्यक्ष विद्याप्रसाद मर्सानीले महानगर बक्सिङले शुरु गरेको आधारभुत प्रशिक्षणले यसको बारेमा विद्यार्थी र उनीहरुका अभिभावकलाई बुझ्ने मौका मिलेको र यसले खेलाडीलाई सक्षम हुन समेत सहयोग पुगेको बताए । कास्की जिल्ला बक्सिङ संघका अध्यक्ष सुमन श्रेष्ठले नेपालीहरुको आसन्न महान चाड पर्वको शुभकामना व्यक्त गर्दै खेलले मानिसलाई अनुशासित बन्न सहयोग पुर्याउने बताए।

कार्यक्रममा नेपाल क्यूकोसिन कराँते संघ कास्कीका पूर्व अध्यक्ष ज्ञानेन्द्र माकाजु, बालमन्दिर मा.वि. नदिपुरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसन्त कतिला, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका कार्यवहाक अध्यक्ष सुरज श्रेष्ठ लगायतले खेल क्षेत्रमा लागेकाहरु तुलनात्मक रुपमा अनुशासिशत, व्यहारिक हुने हुँदा खेलसँगै शैक्षिक सिकाईलाई पनि समेटेर अगाडी बढ्न आग्रह गर्दै राष्ट्रलाई चिनाउने गरि खेल क्षेत्रमा लाग्न शुभकामना व्यक्त गरे।

सो अवसरमा वडा नम्वर ३ को तर्फबाट बक्सिङ प्रशिक्षणका लागि आवश्यक खेल सामाग्रीहरु वडाध्यक्ष उदासले संघका कार्यवहाक अध्यक्ष दीलिप श्रेष्ठलाई हस्तान्त्रण गरेका थिए।

संघले पोखराका विभिन्न विद्यालयका ५२ बढी विद्यार्थीलाई विगत ३ महिनादेखि बक्सिङ सम्बन्धी आधारभुत प्रशिक्षण सञ्चालन गर्दै आइरहेको छ । संघका कार्यवहाक अध्यक्ष दीलिप श्रेष्ठ 'दोषी'को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव बुद्ध गुभाजुले गरेका थिए।

रक्तदान जीवनदान
जीवनदान महादान

# पाँच प्रदेशमा सरदरभन्दा बढी वर्षा हुने

**रासस**
काठमाडौं, २२ असोज

जल तथा मौसम विज्ञान विभागले यही असोज १५ देखि पुस १६ गतेसम्म (अक्टोबरदेखि डिसेम्बर २०२४)को अवधिको हावापानी आकलन सार्वजनिक गरेको छ।

विभागले सोमबार सार्वजनिक गरेको आकलनअनुसार कोशी, मधेस, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भूभाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने अनुमान गरेको छ । कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदुरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना रहेको छ।

अधिकतम तापक्रम देशका अधिकांश भू-भागमा सरदरभन्दा बढी हुने र न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको आकलन सार्वजनिक गरिएको विभागकी सूचना अधिकारी एवं मौसमविद् विभूति पोखरेलले जानकारी दिनुभयो।

**वर्षाको आकलन**

कोशी, मधेश, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाइएको छ।

कोशी प्रदेशको उत्तरी भाग, मधेश प्रदेशको पश्चिमी भाग र बागमती प्रदेशको पूर्वी तथा दक्षिणी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छभने कोशी प्रदेशको दक्षिणी भू-भाग, मधेस प्रदेशको पश्चिमी भाग, बागमती प्रदेशको उत्तर-पश्चिम भाग र गण्डकी प्रदेशको दक्षिण-पूर्वी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको छ । त्यसैगरी कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदूरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत नै रहेको विवरणमा उल्लेख छ ।

**अधिकतम तथा न्यूनतम तापक्रम**

यस्तै देशका अधिकांश स्थानमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना छ। बागमती प्रदेशको मध्य तथा दक्षिणी भाग, मधेस प्रदेशको पश्चिमी भाग, गण्डकी प्रदेशको मध्य तथा पश्चिमी भाग, लुम्बिनी प्रदेशका मध्य तथा पूर्वी भाग र कर्णाली प्रदेशको पूर्वी तथा उत्तरी भागमा अधिकतम तापक्रमा सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ। कोशी प्रदेशका मध्य भाग, मधेस प्रदेशका पूर्वी भाग र बागमती प्रदेशका उत्तरी भागमा अधिकतम तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छभने बाँकी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ।

न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना छ। सुदूरपश्चिम, कर्णाली प्रदेशका पश्चिमी भाग र लुम्बिनी प्रदेशका पश्चिमी भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ । त्यसैगरी कर्णाली प्रदेशका पूर्वी भू-भाग, लुम्बिनी प्रदेशका मध्य भाग, गण्डकी प्रदेशका मध्य तथा उत्तरी भाग, बागमती प्रदेशको अधिकांश भाग, मधेस प्रदेशका पूर्वी भाग र कोशी प्रदेशमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छभने बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जानकारी गराएको छ।

# एक महिने कृष्ण चरित्र प्रशिक्षण समापन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

पाखुरीकोट गुरुङ समाजद्वारा आयोजित एक महिने कृष्ण चरित्र प्रशिक्षण मंगलवबार सम्पन्न भएको छ।

समापन समारोहका सहभागीलाई प्रमाणपत्र वितरण गर्दै गण्डकी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले कला, संस्कार र संस्कृतिको संरक्षण गर्नु यस्तै सामाजिक संस्थाको महत्वपूर्ण भूमिका रहने भएकाले समाजले स्तुत्य कार्य गरेको धारणा राखे। कार्यक्रम संयोजक केशबहादुर गुरुङले गण्डकी प्रज्ञा-प्रतिष्ठानको आर्थिक सहयोगमा सञ्चालित उक्त प्रशिक्षणमा एक सय जना सहभागी रहेको जानकारी गराए। संस्थाका अध्यक्ष सि.आई. हरि ध्वोज गुरुङले हाम्रो मौलिक संस्कार संस्कृतिको संरक्षण महत्वपूर्ण विषय रहेकाले समाजबाट लोपोन्मुख हुन लागेको कृष्ण चरित्रलाई जीवन्त राखी नयाँ पुस्तामा पुस्तान्तरण गर्नका लागि कार्यक्रम आयोजना गरिएको हो । गायन र नृत्यतर्फ कुलवीर गुरुङ, हरिध्वज गुरुङ र मानध्वज गुरुङले सहजीकरण गरेका थिए।



यस्तै, वाद्यवादनतर्फ गोविन्द गुरुङले सहयोग गरेका थिए । प्रशिक्षणपछि सबै लिलामा गाउन, बजाउन र नाच्न सक्षम भएको सहभागी नेत्रबहादुर गुरुङले बताए।

कृष्णबहादुर गुरुङले कृष्ण चरित्र प्रशिक्षणमा सहभागी सबैलाई आभार व्यक्त गर्दै गुरुङ समुदायमा प्रचलित कृष्ण चरित्र नाच जेठा छोराको वंश निरन्तरताका लागि विजोड वर्षमा नाच्ने गरिएको बताए।

एक महिनासम्म चलेको प्रशिक्षणमा श्रीकृष्ण जन्म लिला, बाल लिला, राधाकृष्ण लिला, होली लिला, प्रेम लिला, नाग लिला र चिर लिला गरी सातै लिलाको प्रशिक्षण गराइएको थियो।

## डेंगीका लक्षणहरू

**डेंगीका लक्षणहरू :**

- एक्कासी ज्वरो आउनु,
- ५–७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा विविरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, वान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# डेंगु विरुद्ध अभियान चलाउ

दशैंको मुखमा स्वस्थ भएर चाडपर्व मनाउने अवस्था बन्न सकेको छैन । वाढी पहिरो र डुवानका कारण ठूलो क्षति व्यहोर्नुपरेको बेला डेंगुबाटबाटसंक्रमितको संख्या धेरै छ । देशभर १७ हजार भन्दा बढीमा डेंगु सङ्क्रमण पुष्टि भएका छन् । आठ जना सङ्क्रमितको मृत्यु भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्याङ्क अनुसार हुम्ला बाहेक सबै जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ । ईडिसिडीको तथ्याङ्कअनुसार ७६ जिल्लामा १७ हजार ६०२ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । ईडिसिडीको कीटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालले कास्की, काठमाडौँ, तनहुँमा सबैभन्दा बढी सङ्क्रमण पुष्टि भएको जानकारी दिएका छन ।

दाहालका अनुसार कास्कीमा दुई हजार ७०९, काठमाडौँमा दुई हजार ५६७, तनहुँमा एक हजार ९५४, पर्वतमा एक हजार ४२१ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ। त्यसैगरी, चितवनमा ९०७, गोरखामा ६२०, ललितपुरमा ६४६, बागलुङमा ५८९, भक्तपुरमा ३०८, स्याङ्जामा २९६ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । विगतमा भन्दा यश पटकको डेंगु संक्रमित बढी हुँदा सरकारले गम्भीरतापूर्वक लिन नसकेको देखिन्छ । ठूलो जनशक्ति बिरामी भएकोमा राज्यले समयमै तत्परता दिनु पर्ने हो । मृत्यु भए पछि मात्र चासो लिने शासकको चरित्र बनेको छ । यो जनतामाथि गरिएको खेलवाड हो । प्रदेश अन्तर्गत गण्डकी, बागमती,लुम्बिनी र कोशी प्रदेशमा सबैभन्दा बढी डेंगु सङ्क्रमण पुष्टि भएको छ । गण्डकी प्रदेशमा आठ हजार ६२, बागमती प्रदेशमा पाँच हजार ५७१, कोशी प्रदेशमा एक हजार ४२२ जनामा डेंगु पुष्टि भएको छ ।

यसैगरी, लुम्बिनी प्रदेशमा एक हजार १३५, कर्णाली प्रदेशमा २५१, मधेश प्रदेशमा ३४३ र सुदूरपश्चिम प्रदेशमा ८१८ जनामा डेंगु पुष्टि भएको छ । गण्डकी प्रदेशमा धेरै संक्रमित भएको तथ्याङ्क मात्र होइन यो ठूलो समस्या हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायलाई गुहार गर्नुपर्नेमा सामान्य भै ठान्नु प्रदेश सरकारको कमजोरी हो । डेंगु रोग डेंगी भाइरसबाट सङ्क्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्ने सरुवारोग विशेषभएको बिशेषज्ञ डा.शेरबहादुर पुनको भनाइ छ । "डेंनमा सक्रिय हुने कालो सेतो छिरबिरे रङको देखिने लामखुट्टेको टोकाइबाट हुने गर्छ ।" एडिस जातको लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्छन् । सङ्क्रमण भएको चारदेखि १० दिनसम्म सामान्यतया डेंगुका लक्षण देखिन्छ ।

उच्च ज्वरो आउने, टाउको दुख्ने, जोर्नी र मांसपेशीहरू दुख्ने, शरीरमा राता बिमिरा आउने, आँखाको गेडी दुख्ने वाकवाकी लाग्ने डेंगुका प्रमुख लक्षण हुन्। डेंगुले दोस्रो पटक तर फरक सेरोटाइपले पुनः सङ्क्रमित गराए विगतको भन्दा थप घातक लक्षण देखिने विशेषज्ञ चिकित्सक बताउँछन् । डेंगुबाने एक मात्र उपाय लामखुट्टेको टोकाइबाट बच्ने हो । डेंगु सङ्क्रमण भएपछि चिकित्सकको सल्लाहबिना कुनै पनि औषधीको सेवन नगर्न डा.पुनको सुझाव छ । बिरामीलाई असाध्यै जोर्नीमा दुःखाइ भएमा, तारन्तार वान्ता भएमा, आलस्य धेरै भएमा गम्भीर स्वास्थ्य समस्या निम्तिने हुँदा तुरुन्तै अस्पतालमा जान डा.पुनको सुझाव छ । घरमा बसेर उपचार गर्दा चिकित्सकको सल्लाह बमोजिम जिउ दुख्न कम गर्नको लागि प्यारासिटामोल खान डा. पुनको सुझाव छ । बिरामीले झोलिलो खानेकुरा प्रशस्त खान उनको आग्रह छ। लामखुट्टेको टोकाइबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाउने, धूप बाल्ने, मलम लगाउन, सुत्दा झुलको प्रयोग गर्न चिकित्सकको सुझाव छास्थानीय र प्रदेश सरकारले जनचेतना जगाउन र नागरिकको जीवन बचाउन अभियान चलाउनु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दूधपोखरी गाउँपालिकाका निवर्तमान अध्यक्ष गुरुङको मृत्यु

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ असोज

पाठेघरको क्यान्सरबाट पीडित यहाँस्थित दूधपोखरी गाउँपालिकाका निवर्तमान अध्यक्ष छुपिमाया गुरुङको मृत्यु भएको छ ।

दूधपोखरी गाउँपालिका-५ कोल्की भञ्ज्याङ निवासी गुरुङलाई उपचारका लागि भरतपुर अस्पताल लैजाने क्रममा गएराति बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले जानकारी दिनुभयो । नेपाली कांग्रेसका जिल्ला सदस्य रामहरी न्यौपानेका अनुसार गुरुङको पाँच दिनअघि मात्रै दोस्रो पटक 'किमोथेरापी' गरिएको थियो । सोमबार बिहानसम्म अवस्था सामान्य रहेकामा दिउँसोबाट गाह्रो भएपछि राती अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो । विसं २०७४ को स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट उम्मेद्वार बनेर उहाँ निर्वाचित हुनुभएको थियो । लामो समयदेखि नेपाली कांग्रेसमा सक्रिय उहाँ हाल कांग्रेसको गण्डकी प्रदेश कार्यसमिति सदस्य तथा महासमिति सदस्य हुनुहुन्थ्यो ।

# ब्यूँतियो कालिकालाई 'रोट' चढाउने परम्परा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

कालिका देवीलाई खुसी पार्न 'रोट' चढाउने प्रचलन आधुनिकतासँगै हराएको थियो । तयारी मिठाइ तथा नरिवल चढाउने प्रचलन बढेपछि रोट चलाउने प्रचलन हटेको थियो ।

दुई दशक अगाडिसम्म घरबाटै तयारी रोट लिएर कालिका मन्दिरलाई चढाउने प्रचलन रहेपछि पछिल्लो समय त्यो परम्परा घटेको थियो । बागलुङ कालिका भगवती मन्दिरमा पूजा गर्ने आउनेहरुले अक्षता र फूलपातीसँग रोट चढाउने चलन क्रमशः हट्न थालेको २० वर्ष हुन थालेपछि पछिल्लो समय कालिका मन्दिरमा तयारी रोट किनेर चढाउन थालिएको पाइएको छ । मन्दिर पुगेका अधिकांशले नरिवल र तयारी मिठाइ कालिकालाई चढाउन लगे पनि केही दर्शनार्थीले मन्दिर छेउमै उत्पादन गरिएको तयारी रोट किनेर चढाउन लैजान थालेका छन् । मनोकामना पूरा भए रोट चढाउन आउँछु भनेर भाकल गरेका भक्तजनले घरबाट रोट नलिएर मन्दिर गेटमा तयारी बनेको रोट किनेर लैजाने प्रचलन रहेको छ । एक दशकयता आयातीत प्रसादले रोटलाई विस्थापित गर्ने अवस्थामा पुगेपछि पाँच वर्षयता कालिका मन्दिरमा रोट बनाउने पसल खुलेको छ । रोटको प्रसाद चढाउँछु भनेर भाकल गर्नेले पछिल्लो समयमा नरिवल, खसीबोका, परेवा, कुखुरा र हाँसलगायतको बलि दिने चलन बढेर गएको छ । तर विस्थापित भइसकेको रोट चढाउने परम्परा ब्युँताउनका लागि तयारी रोट उत्पादन गर्ने पसल सञ्चालनमा ल्याएपछि मन्दिरमा आउने दर्शनार्थीमध्ये केहीले रोट लगेर चढाउन थालेका छन् । पछिल्लो समय कालिका मन्दिरमा बर्सेनि रु ५० लाखभन्दा बढीको नरिवल बिक्री हुने गरेको छ । कालिका दर्शन गर्न आउने जोकोहीको हातमा पनि नरिवल हुन्छ । तर, पछिल्लो पुस्ताले बिर्सिएको रोट चढाउने परम्परा अहिले एकाएक चर्चामा आएको छ । कालिका मन्दिरको गेटमै नरिवल बिक्री गरे जस्तै रोट पनि बिक्री हुन थालेपछि यसकाबारेमा चासो मात्र होइन छुटेको परम्परा पुर्नताजगी भएको छ । चामल, ल्वाङ, सुकमेल, नरिवल र शुद्ध घ्युबाट तयार गरिने रोट पछिल्लो समय मन्दिरको गेटमै किन्न पाइने भएपछि सहज भएको छ। बागलुङ नगरपालिका-१ रामरेखाका डम्मर मल्ल ठकुरीले पछिल्लो पाँच वर्षदेखि कालिका दर्शन रोट पसल नै सञ्चालन गरेर रोट पकाएर बिक्री गर्दै आउनुभएको छ । कालिका मन्दिरको मण्डपमै चढाइने शुद्ध र चोखो मानिने रोट दर्शनार्थीको आँखै अगाडि बनाइन्छ। फूलप्रसाद र नरिवलसँगै आजभोलि रोट पनि उत्तिकै बिक्री हुने गरेको छ ।

पोहोर सालसम्म बुढापाकाले मात्र रोट किनेर चढाउने गरेको भए पनि यसपटकको नवदुर्गामा भने युवायुवतीले पनि रोट चढाउन लगेको डम्मरले बताउनुभयो । रोट बनाउन सुरु गरेपछिका हरेक वर्ष कालिका भगवती मन्दिरमा रोट चढाउने भक्तजन बढ्दै गएको उहाँको भनाइ छ । "रोट चलाउने परम्परा हराइसकेको थियो, घरमा बनाएर ल्याउन भक्तजनलाई समस्यासमेत भएको पाइएको थियो, तर त्यसैलाई मध्यनजर गर्दै तयारी रोट बनाउन थालेको हो", ठकुरीले भन्नुभयो, "अहिले मन्दिर आउनेमध्ये केहीले रोट खोजेरै चढाउन लैजान्छन् ।" अहिले चामलको पिठोमा चिनी, नरिवल, बदाम, काजुजस्ता वस्तु मिसाएर घ्युमा रोट पकाउने गरिन्छ । व्यापारिक रुपमा बनाइएका रोट चार सयका दरले बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

# मोतियाबिन्दु भएका बिरामीको शल्यक्रिया

**पोखरापत्र संवाददाता**
गोरखा, २२ असोज

यहाँका आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गरिइएको छ ।

गोरखा लायन्स आँखा सेवा केन्द्रले जिल्लाका विभिन्न पालिकामा मोतियाबिन्दुको शल्यक्रिया शिविरमार्फत १३ जना आँखाकाबिरामीकोमोतियाबिन्दुको सोमबार शल्यक्रिया गरेको हो । केन्द्रका प्रशासकीय अधिकृत विश्वप्रकाश अर्यालले शल्यक्रिया गरिएकामध्ये छ जना महिला र सात पुरुष रहेका जानकारी दिनुभयो । केन्द्रले गोरखा र पालुङटार नगरपालिका तथा बारपाक सुलिकोट र भीमसेन थापा गाउँपालिकामा आँखाका बिरामीको शल्यक्रिया शिविर सञ्चालन गरेको हो ।

लायन्स सेवा केन्द्रले जिल्लाभित्रका विभिन्न समुदाय र विद्यालयमा पुगेर समयसमयमा समुदायस्तरमा निःशुल्क आँखा जाँच, औषधोपचार तथा चश्मा वितरण गर्दै आएको छ ।

शिविरमा मोतियाबिन्दुको समस्या भएका बिरामीलाई आवश्यकताका आधारमा केन्द्रमा ल्याएर समेत उपचार गर्ने गरिएको छ ।

# कुँवर समाजको साधारण सभा तथा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



पोखरा महानगरपालिका वडा नं. ८, कुँवरटोलमा स्थापना भएको कुवँर समाज समितिको ११ औं बार्षिक साधारण सभा, सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रम घटस्थापनाको दिन सम्पन्न भयो ।

कार्यक्रम प्रमुख अतिथि पोखरा मनपा वडा नं. ८ का अध्यक्ष रुद्रनाथ बरालले गरेका थिए भने वडा नं. ८ वडा सदस्य गोविन्द बराल, मनकामना निर्माण समितिका संचालक विनोद केसी, जाल्पादेवी बहुउद्धेश्यीय विकास समितिका अध्यक्ष विश्व विजुक्छे, पुर्व अध्यक्षहरु लाल बहादुर कुँवर र राम बहादुर खाँड, भवानी आमा समुहकी अध्यक्ष मधु कुँवर, युथ अफ कुँवर टोलका अध्यक्ष राजु कुँवर लगायतले वोलेका थिए ।

सो अवसरमा भवन निर्माणमा आर्थिक सहयोग गर्ने महानुभावहरुका साथै स्नातकोत्तर तह उत्तिर्ण सोनिका कुँवर, लक्ष्मी कुवँर स्नातक उर्त्तिण सल्ताज कुँवर, मञ्जु कुँवर, युनिशा कुँवर, समिक्षा कुँवर, कक्षा १२ उत्तिर्ण अनुष्का कुँवर, अमन कुँवर, सेजल कुँवर, २०८० सालको एसईइ उर्त्तिण विद्यार्थीहरु अविनाश कुँवर, सञ्चाली कुँवर, सविन कुँवर, सिम्रन कुँवर (ए), सिम्रन कुँवर (वि), आशीयन कुँवर, मनिका कुँवर र दिवश कुँवरलाई सम्मान गरिएको छ । सचिव लक्ष्मी कुँवरले प्रगति प्रतिवेदन र कोषाध्यक्ष रोशन कुँवरले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । त्यस्तै समाजका आर्थिक स्थिति कमजोर भएका सदस्यका छोराछारीलाई शैक्षिक सामाग्री, स्कुल ड्रेस लगाएत सहयोग गरिएको थियो । समितिका अध्यक्ष कृष्ण कुँवर अध्यक्षतामा भएको कार्यक्रममा सहकोषाध्यक्ष चिजादेवी कुँवरले स्वागत र सचिव लक्ष्मी कुँवरले कार्यक्रम संचालन गरेकी थिइन ।

# दसैंमा मुस्ताङबाट आठ हजार भेडाच्याङ्ग्रा बिक्री

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ असोज



यसपालीको दसैं पर्वका लागि मुस्ताङबाट आठ हजार भेडाच्याङ्ग्रा बाहिरिएका छन् । मुस्ताङका कृषकले पालेका चार हजार आठ सय, डोल्पा र मुगुबाट ल्याइएका तीन हजार दुई सय भेडाच्याङ्ग्रा विभिन्न जिल्ला तथा सहरमा बिक्री भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङले जनाएको छ ।

केन्द्रका प्रमुख पशु चिकित्सक लालमणि अर्यालले उत्पादन बढेको र मूल्य घटेकाले विगतको तुलनामा यसपाली भेडाच्याङ्ग्राको बिक्री बढेको बताउनुभयो । "घटस्थापनाको दिनदेखि शुरु भएको स्वास्थ्य परीक्षण गरेर च्याङ्ग्रा बजार पठाउने काम मङ्गलबार सकिएको छ," उहाँले भन्नुभयो, "कृषकले तौलअनुसार प्रतिगोटा रु २८ हजारदेखि ३७ हजारका दरले च्याङ्ग्रा बिक्री गरेका छन् ।" सरदर मूल्यअनुसार मुस्ताङ, डोल्पा र मुगुका कृषकले रु २६ करोड ४० लाख मूल्य बराबरको भेडाच्याङ्ग्रा बिक्री गरेका केन्द्रका प्रमुख अर्यालले बताउनुभयो । पाँच सय भेडा (च्यालु) र सात हजार पाँच सय च्याङ्ग्रा बिक्री भएको हो । म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौँलगायत सहरमा मुस्ताङी भेडाच्याङ्ग्रा बिक्री भइरहेका छन् । जडीबुटीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु पोषिलो, तागतिलो र स्वस्थर मानिने भएकाले दसैं तिहारमा हिमाली च्याङ्ग्राको मासुको उपभोग गर्ने चलन रहेको बेनीका अर्जुन पौडेलले बताउनुभयो । तीन वर्ष पूरा भएका च्याङ्ग्रा मासुका लागि बिक्री हुनेगर्छ । यसपाली गत वर्षको तुलनामा मूल्य सस्तीएकाले च्याङ्ग्राको बिक्री बढेको व्यापारी टसी छेवाङ गुरुङले बताउनुभयो । "गत वर्ष खोरमै प्रतिगोटा रु ४० हजारभन्दा बढी मूल्य तिरेर च्याङ्ग्रा खरिद गरेका थियौं, यसपाली ३० देखि ३३ हजारमा किसानबाट खरिद गरेर ल्याएका छौं," उहाँले भन्नुभयो "ठाउँअनुसार पाँचदेखि १० हजार कम मूल्यमा च्याङ्ग्रा खरिद भएकाले बिक्री गर्ने मूल्य पनि घटेको हो ।" गत वर्ष काठमाडौँ पोखरामा प्रतिगोटा रु ५५ हजारसम्म परेको च्याङ्ग्राको मूल्य यसपाली रु ४५ हजारभन्दा कम मूल्यमा बिक्री भएको छ । गत वर्ष बजारमा ल्याएको च्याङ्ग्रा महँगी हुँदा बिक्री नभएर व्यापारीले नोक्सान ब्यहोरेको गुनासो गरेका थिए । मुस्ताङको बारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका कृषकको मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका कृषक डिण्डुप गुरुङले बताउनुभयो ।

विसं २०८० मा सात हजार, २०७९ मा छ हजार आठ सय, २०७८ मा १२ हजार र २०७६ अघि वार्षिक २० देखि २५ हजारको सङ्ख्यामा मुस्ताङबाट भेडाच्याङ्ग्रा निकासी भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ ।

# काठमाडौँ उपत्यकाबाट बाहिरियो मनसुन

**रासस**
दमौली, २२ असोज

यस वर्षको मनसुन आज काठमाडौँ उपत्यकाबाट पनि बाहिरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यस वर्षको मनसुन कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागका साथै काठमाडौँ उपत्यकाबाट पनि बाहिरिएको छ ।

महाशाखाका अनुसार बागमती प्रदेशको पश्चिमी भूभाग र मधेस प्रदेशका पश्चिमी भू-भागका थोरै स्थानबाट पनि मनसुन बहिर्गमन भएको छ । हाल कोसी प्रदेशलगायत मधेस प्रदेश र बागमती प्रदेशको पूर्वी भूभागमा मनसुनी वायुको प्रभाव रहेको महाशाखाका मौसमविद् रोजन लामिछानेले राससलाई जानकारी दिनुभयो । यता गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलगायत मधेस प्रदेश र बागमती प्रदेशको पश्चिमी भू-भागमा पश्चिमी वायुको प्रभाव रहेको छ । कोशी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने महाशाखाले जनाएको छ ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९**

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुादा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0610017544 | राम नरेश साह कल्वार | गौशाला-९, जनकपुर |

